"शिशु प्रति वैरभाव राख्नु अरूदेवीहरू पनि हिन्दू धार्मिक परम्परामा छन् । हारती देवी बुद्धकालीन उत्तरी भारतमा पूजनीय थिइन् । उनी राजगृहबाट शिशुहरू चोर्थिन् र तिनैको भक्षण गरी आफ्ना सन्तानहरूको समेत पेट भरी दिन्थिन् । उनको नाम हारती अथवा हरेर लग्ने देवी हो । बुद्धले उनलाई ममतामयी बनाई दिएर भविष्यका सबै धर्म प्रियजनल उनको र उनका पुत्रहरूका मूर्ति घरघरमा स्थापना गरी पुज्ने छन् भन्ने वचन वर पनि दिए ।"

यसबाट पनि हारती देवी एक हिन्दू अर्थात् शैवमतका देवी हुन् भनी पुष्टयाएको छ । साथै मूर्ति सम्बन्धी बखान नगरिएकोले सिंगुँका मूर्तिसंग तुलना गर्न अवसर मिलेन । यसै सन्दर्भमा ने. सं. १११८ चिल्लागा १४ (वि. सं. २०५५ चैत्र) को "सन्ध्या टाइम्सका शुक्रबार तँसापौ" मा श्री गंगालाल श्रेष्ठज्यूले "हारतीदेवी पूजाया ऐतिहासिकता" भन्ने रचनामा उल्लेख गरिएका केही अंश संक्षेपमा प्रस्तुत गरिएको छ ।

"भिक्षु नरेन्द्र यश काश्मिरयाम्ह सन् ५४१/४२ पाखे यात्राया क्रमय् गान्धारया पुइलावती थ्यंबले पूर्वपाखे हारतीया ल्वहँया चीभाः खना धका धयाः तः गु दु । न्हापा थ्वया नां नन्दा खः । मस्त खुया नयगु याना हःगुलि नन्दामधासे हारती (खुनी) धायगु यानाः हःगुखः ।"

यस भनाइबाट "काश्मिरका भिक्षु नरेन्द्र यश भ्रमणमा आउँदा गान्धारका पइलावती पुग्दा पूर्वतिर हारतीको शिला चैत्य देखे । हारतीका नाम पहिला नन्दा थिए । पछि हारती भन्न थाले भनी बताएको छ । साथै यसरी पनि लेखिएको छ ।

"बौद्ध धर्मग्रन्थया खोजय चिनिया भिक्षु ह्वैनसाङ्ग न्हेगद शताब्दी भारत पुइकलावती थ्यंसेलि अन तः जागु हारतीया स्तुप (दूँ स्थुर) खँगु ख ।"

यस भनाइबाट "धर्मग्रन्थ खोजमा आएका चिनिया यात्री ह्वैनसाङ्ग भारत पुइकलावती सातौं सदावदीमा आइ पुग्दा हारती को ठूलो अग्लो स्तूप देखे भनी बताएको छ । अर्को यसरी पनि लेखिएको छ ।

"दसुया निंति चिनिया यात्री यित्सिग भारतया बौद्ध संघारामया प्रवेश द्वारपाखे अनया भोजनालय या छकु कुनेयु हारतीमा मूर्ति पलिस्था यानाः तःगु दु । छम्ह म मुले, अले स्वम्ह प्यम्ह वा न्याम्ह वया पुलि क्पयच्वना च्वंगु विवरण बियाः तःगु दु ।"

यस उक्तिबाट "चिनियाँ यात्री यिसिंग भारत आइपुग्दा बौद्ध संघारामको प्रवेशद्वारतिर त्यहाँका भोजनालयका एककुनामा हारतीका मूर्ति प्रतिष्ठापित थिए । एउटा बच्चा काखमा र अरू तीन चार वा पाँचवटा घुँडातिर राखिएका थिए भनी बताएको छ । पुनः यसरी पनि लेखिएको छ ।

"खोतनया फरहाद वेग बैलाकीधा थासे संघाराम चैत्य व स्तुपया खण्डहरे चायागुचित्र फलक आपालं लुइकुगु दु । थथे प्राप्त जुगु चित्र न्याम्हमस्त ज्वनाः च्वंम्ह थ्व हारती

खः थ्व खँ यात्री यिसिंगया विवरणं क्यं थजागु हे मस्त ज्वनाः च्वंम्ह मिसाम्ह यारखोट पाखे नं लुगु दु । थ्वनं हारतीया हे मूर्ति खः धका प्रसिद्ध फ्रेञ्च विद्वान् फुरो पुष्टियाय धुंकुगु दु ।"

यस भनाइले "खोतनका फरहाद वेग बैलकी भन्ने स्थानमा संघाराम, चैत्य र स्तूपका खण्डहरूमा माताका चित्रफलक धेरै फेला पारेका छन् । यसरी नै बच्चाहरू समाई रहेकी स्वास्नी मान्छे यार खोट तिर पनि प्राप्त भएको छ । यो पनि हारतीका नै मूर्ति हुन् भनी फ्रेञ्चका विद्वान फुसेले ठहराएका छन्" भनी बताएको छ । यस अलावा यसरी लेखेको पाइएको छ ।

"यल चपट त्वालय् पलिस्था याना तःगु हारतीया मूर्ति खुगुगु शताब्दीयागु खःधयागु विद्वान् तय्गु धापु दु, थ्व मूर्ति छम्हमचा मुले "प्यम्ह मचा जवँयु खबय् च्वंना च्वंगु दु ।"

यस कथनबाट "पाटन चपट टोलमा प्रतिष्ठापित हारतीका मूर्ति छैठौं शताब्दीका हुन् । यस मूर्तिमा एउटा बचा काखमा अरू चारवटा दायाँ बायाँ बसेका छन्" भनी बताएको छ । अन्त्यमा यसरी लेखेको छ ।

"स्वयम्भू च्वंगु हारतीया मूर्ति स्वम्ह मस्तम्हयव निम्हमस्तय् क्वय च्वनाः च्वंगु दु थ्व मूर्तिया शैलिव वनावट यात ध्यान बीबले मल्ल काले पलिस्था जुगु धकाः अपुक हे सीके फु ।"

यस भनाइबाट स्वयम्भूका हारतीको मूर्तिमा तीनवटा बच्चा जिउमा र दुइवटा बच्चा तल बसिराखेको छ । यस मूर्तिको शैली तथा वनावटलाई ध्यान दिंदा मल्लकालमा स्थापना गरेका हुन् भनी स्पष्ट थाहा पाउन सकिन्छ भनी बताएको छ ।

यस भनाइ तथा कथनलाई मनन् गरी हेर्दा आपसमा बाभि्एको छ । साथै स्वयम्भूका हारतीको वर्णन गरेको नमिलेकोले अरू सबै काल्पनिक जस्तै देखिन आएको छ । साथै जति प्रामाणित रूपमा पुष्टि गर्न खोजिएको छ ती सबै यो ग्रन्थको यति पृष्ठमा उल्लेख भएको छ भन्ने र यहाँबाट उपलब्ध भएको भनी श्रोत उल्लेख नगरिएकोबाट कल्पित नै हुन् भन्ने संकेत गरेको देखिन्छ ।

तापनि पाटन चपट टोलमा अवस्थित हारती भन्नेका मूर्ति सम्बन्धमा ललितपुर चपट टोलमा स्थलगत अध्ययन गर्न जाँदा सोही स्थानका श्री बाबु सिं महर्जनज्यूका असिम सहयोगबाट श्री कृष्ण महर्जनज्यूका चोकमा स्थापित देखियो ।

मूर्ति सुन्दर स्पष्ट छ । कालो चिप्ले एउटै शिलामा कुँडिएको छ । मूर्तिको निर्माण तथा वनावट हुँदा स्वयम्भूको हारतीका मूर्तिभन्दा पुरानो देखिन्छ । अपितु ती मूर्तिशिलामा अभिलेख कुँडेको पाइएन । (साथै त्यसका हाराहारीमा कुनै शिलाभिलेख भेटिएन अर्थात् देखिएन)

मूर्ति अर्द्ध पद्मासन गरी बसेको छ । दाहिने हात तिघ्रामा अडाएको छ । देब्रे हातले काखमा बस्ने बच्चालाई समाएको छ । एउटा बच्चा दायाँ घुँडासंगै उभिएको छ त अर्को एउटा देब्रे घुँडासंगै उभिएको छ । अर्को एउटा बायाँ गोडासंगै बसेको छ भने अर्को घुँडा मुनि एउटा भेडाकारका जनावरलाई समाई बसेका छन् । यो मूर्ति स्वयम्भूका मूर्तिसंग मिल्न आउँदैन न त श्लोक गीतसंग समन्वय देखिन आउँछ । यस उसले यी मूर्तिलाई हारतीको मूर्ति भन्न मिल्ने देखिदैन । तथापि यी हारतीकै मूर्ति हो भन्ने यस मूर्तिमा पशुको मूर्ति कसरी प्रविष्ट हुन आयो विचारणीय छ ।

साथै स्वयम्भूको हारतीसंग मेल खाने मूर्ति नघल श्रीघः विहारमा अवस्थित छ । यिनमा पनि एउटा बच्चा देब्रेतिर परेको छ । हाल स्थापना गरेको पाटन कुम्भेश्वर पूर्वपट्टि छन् अरू कतै पाइँदैन । एउटा बच्चा लिने दुईवटा मूर्ति भेटिन्छ । एउटा बालाजु उद्यानभित्र छन् । यिनलाई "प्याथ्वँ अजिमा" भनी पुकारिन्छ । पशुपति भित्र कीर्तिमुखसंगै अवस्थित छ । यिनलाई "शितला" भनी मानी आएको छ । यसबाट यी हारतीको मूर्ति होइन भनी स्पष्ट बताएको छ ।

यसर्थ सिंगुं (स्वयम्भू) अवस्थित एकजटी हारती शैवतन्त्र अन्तर्गतका (हिन्दू) शक्ति उग्रताराका एकरूप हुन् । हाल विद्यमान मूर्ति शैवतन्त्रका उग्रतारा तथा एकजटीका ध्यान श्लोकसंग मिल्दैन । नत बौद्धतन्त्रको पूजा विधिश्लोक धारणी अनुसार नै मिल्न आउँछ । यसरी कुनै

ग्रन्थ तन्त्र तथा ध्यान श्लोकसंग मेल नखाने भिन्दै प्रकारका मूर्ति प्रतिष्ठापित गरिनु र यिनैलाई एकजटी मानी हारती भनी थानी पञ्चमकार सहित पञ्चोपचारले परिपूजन गरी आउनु विस्मित होइन र ।

तसर्थ सिंगु डाँडामा एकजटीका स्थापनाकाल गर्भमा नै सीमित भइरहेको कुरामाथि इङ्गित गरिसकेको छ । अब रह्यो वर्तमान अवस्थित मूर्तिका विषयमाथि प्रस्तुत गरिएको "पञ्चरक्षामा" पाटलीपुत्रोच परदेशो निवासिनी" भन्ने र भिक्षुरेन्द्र यस भ्रमण विवरणमा "हारती पहिले राजपुट वासी" भन्ने तथा डेबिड किन्स्लेको रचनामा "राजगृह बासी" उल्लेख भएकोले हारतीदेवी भारतबाट आयातिन भएको प्रतीत हुन आएको छ ।

अतः ने. सं. ९१९ मा एकजटीको मूर्ति फुटाली सकेपछि यात शैवतन्त्रनुसार तथा बौद्ध तन्त्रानुसारका श्री उग्रताराको एकरूप एकजटीको प्रतिविम्ब मूर्ति स्थापना गर्नु पर्ने हो । सो नगरी अर्कै मूर्ति प्रतिस्थापित गर्नु युक्तिसंगत देखिएन । साथै यस अघिका एकजटीको मूर्ति के कस्तो थियो निर्क्यौल गर्नु पर्ने अति आवश्यक देखिएको छ । यस सम्वन्धमा विशेष अन्वेषण अनुसन्धान गर्नु जरूरी देखिन्छ ।

जेहोस् सिंगुं (स्वयम्भू) मा अवस्थित श्री उग्रताराको एकरूप एकजटीको मन्दिर गृहमा अर्कै हारती देवीका मूर्ति प्रतिष्ठा गरे तापनि एकजटी कै रूपमा शैव तन्त्रानुसार नै पञ्चमकार सहित पञ्चोपचारले पूजा अर्चना भई गरी आएका छन् । यही एक विशेषता हो । यी देवी बौद्ध सम्प्रदायको मात्र नभई शैवी (हिन्दू) सम्प्रदायका पनि आराध्य तथा श्रद्धेय भएकीले हामी सबैले सभक्तिपूर्वक पूजा अर्चना गर्ने प्रचलन छ ।

चितवनका थारूहरूले मनाउने सोहराई चाडः एक अध्ययन

रीता ढुंगेल

प्रस्तुत लेख नेपालको चितवन जिल्लाको वछ्यौली गा.वि.स. अन्तर्गत सौराहा तथा वछ्यौली र पदमपुर गा.वि.स. अन्तर्गत पटना गाउँको स्थलगत अध्ययनमा आधारित छ । सौराहामा "थारू संस्कृतिमाथि पर्यटनको प्रभाव" विषयमा अध्ययन गर्ने सिलसिलामा अनुसन्धानकर्ताले उनीहरूको एक महत्त्वपूर्ण चाड सोहराईलाई मानवशास्त्रीय अनुसन्धान पद्धति अन्तर्गत प्रत्यक्ष तथा सहभागी अवलोकन गरी प्रस्तुत लेख तयार पारिएको हो ।

थारूहरूको अध्ययन गर्ने सन्दर्भमा विभिन्न मानवशास्त्रीहरूद्वारा समय समयमा विभिन्न पुस्तक तथा लेखहरू प्रकाशित भइसकेका छन् जसमध्ये भारतीय मानवशास्त्री मजुमदार (१९४४) तथा श्रीवास्तव (१९५८) आदिले केवल भारतका थारूहरूको बारेमा मात्र चर्चा गरेका छन् भने विदेशी मानवशास्त्रीमा म्याक डोगल (१९६८) तथा म्याक डोनाग (१९८४) आदिले पश्चिम नेपालको दाङ जिल्लाको थारूहरूको बारेमा अध्ययन गरेको पाइन्छ ।

त्यसरी नै पञ्जीया (१९९३) ले थारू जातिको इतिहासको बारेमा लेखेका लेखहरू तथा नेपाली समाजशास्त्री प्याकुरेल (१९८२) ले चितवन जिल्लामा गरेको अध्ययनबाट पनि थारू जातिको अध्ययन गर्ने क्रममा मानवशास्त्री तथा समाजशास्त्रीहरूको संख्यामा पनि बृद्धि हुँदै गइरहेको पाइन्छ । चितवनका थारूहरूको सम्बन्धमा जर्मन भूगोलविद् मूलर-वोकर (१९९१) ले प्रशस्त अध्ययन गरेका छन् तापनि उल्लेखित पर्वको बारेमा भने मौन नै देखिन्छन् । अझ गुणरत्ने (१९९४) ले चितवन जिल्लाको थारूहरूको बारेमा विस्तृत मात्रामा अध्ययन गरी यस सम्बन्धमा विभिन्न लेखहरू पनि प्रकाशित गरेका छन् तर प्रस्तुत चाडको बारेमा भने कुनै पनि चर्चा गरिएको पाइँदैन । थारू जातिको चाडपर्वको सम्बन्धमा निस्किएका विभिन्न लेखहरू पनि केवल जितिया, पितृऔंसी, होरी, माघी आदिमा मात्र केन्द्रित भएको पाइन्छ । यस सन्दर्भमा कुँवरद्वारा राना थारूहरूले बडो धूमधामका साथ मनाउने चाड होरी (१९९६) र दाङका दङ्गौरा थारूहरूले मनाउने माघी चाड (१९९८) को बारेमा प्रकाशित लेखहरूबाट तथा सोही लेखकद्वारा "चितवनको थारू समाजमा पर्यटनको प्रभाव (१९९९)" शीर्षक माथि गरेको विस्तृत अध्ययनबाट प्रस्तुत चाडको सम्बन्धमा कुनै पनि झलक नपाइएबाट कतै चितवनका थारूहरूको महत्त्वपूर्ण पर्व सोहराईको बारेमा जानकारी नै नभएको त होइन भन्ने शंका व्यक्त गर्न सकिन्छ । तर चौधरी (२०५५)

ले चितवनका थारूहरूको परिचय दिने क्रममा बडो हलुकापनले यस पर्वको बारेमा उल्लेख गरेको पाइन्छ। तसर्थ कसैले पनि प्रस्तुत चाड सम्बन्धमा अनुसन्धानात्मक प्रवृतिबाट अध्ययन गरेर कुनै पनि लेखहरू तयार गरिएको नपाइएको हुनाले यस लेखका अनुसन्धानकर्ताद्वारा पहिलो पल्ट यस सोहराई चाडको बारेमा अनुसन्धानात्मक लेख तयार पारिएको छ।

अज्ञातकालदेखि नेपालमा बसोबास गरिआएका तपस्वी योगीले भैं तराईको प्रचण्ड गर्मी र औलोलाई पचाई तथा अनकण्टार जंगल फाडेर दुःसाध्य भूमिलाई साध्य र उर्वर बनाई बसेको स्वभावैले सरल, इमान्दार, सोझो र मेहनती थारू जाति चितवनका प्रमुख आदिबासीको रूपमा चिनिन्छन्। थारू जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराईका लगभग २४ जिल्लामा बसोबास गर्दै आइरहेका छन्। २०४८ सालको जनगणना अनुसार थारूको कुल जनसंख्या १,००,१२० (गुरूङ तथा साल्टर, १९९६:२०७) मध्ये चितवन जिल्लामा ४४,६४० (चौधरी, २०५५:१५) थारू बसोबास गर्दै आइरहेका छन्। चितवनका थारूहरू चितवनको ३९ गा.वि.स. मध्ये पहाडी गा.वि.स. बाहेक वछ्चौली, पदमपुर, रत्ननगर नगरपालिका, कुमराज, खैरहनी, कठार, भण्डार, मंगलपुर, पार्वतीपुर, शारदानगर, दिव्यनगर, मेघौली, गीतानगर, पटिहानी, जगतपुर, शुकनगर, गर्दी, बघौडा (माडी क्षेत्र) आदि ठाउँमा मुख्य रूपमा बसोबास गर्दै आएको पाइन्छ (ऐजन, १४)। नेपालको विभिन्न जिल्लामा बसोबास गर्ने थारूहरूमध्ये चितवनमा बस्ने थारूहरू जो चितौनीया थारूको रूपमा चिनिन्छन् उनीहरूको भेष-भूषा, भाषा, रीतिरवाज, चाडपर्व, संस्कृति आदि अरू ठाउँको थारूहरूको भन्दा अलि भिन्नै देखिन्छ। चितौनीया थारूहरू राजपुत, थरवोट, थरकुहार, वातर, मर्दनिया, पावे, दिसावाह, पंजियार, खौसिया, वाठ, खोजोवर, गोरत, दहित, राउत, कटहरिया, कोचिला आदि थर तथा उपथरमा विभक्त भएको पाइन्छ (ऐजन, १७)। यी थारूहरूले बोल्ने भाषा भारतको विहारको चम्पारण जिल्लामा बोलिने भोजपुरीसंग मिल्दछ। राहुल सांकृत्यानले विहार, भारतको अन्य क्षेत्रमा बोलिने मगही भाषासंग थारूको साहित्य निकट रहेको देखाएका छन् (ऐजन, २०)। जिवीकोपार्जनको लागि कृषिलाई मुख्य पेशाका रूपमा अपनाउने यी चितौनीया थारूहरूको पोशाक तथा गहना पनि भिन्दै किसिमको पाइन्छ तर आजभोलि समयको परिवर्तन संगसंगै युवा-युवती लगायत बूढापाका पनि आधुनिक किसिमको पोशाकमा देखिन थालिसकेका छन्। चितौनीया थारू जातिको आफ्नै किसिमको मौलिक संस्कृति, परम्परा र चाडपर्वहरू छन्। प्रत्येक सांस्कृतिक परम्परा र चाडपर्वमा प्रयोग गरिने सरसामान र विधिविधानहरूमा प्रतीकात्मक अर्थ लुकेको हुन्छ। यिनीहरूले मनाउने विभिन्न चाडपर्वहरूमध्ये प्रमुख चाडपर्वहरू यस प्रकार छन्–जितिया, पावनी, यमोशा, फगुवा, बुढवा, यतवार, सोहराई, वरहो एकादशी (हरिवोधनी), चैतनवमी आदि। चितौनिया थारूहरूले विधिवत् रूपमा बडो धूमधामका साथ मनाउने यी उल्लेखित चाडपर्वहरूमध्ये पनि सोहराई चाडको आफ्नै किसिमको महत्त्व र विशेषता रहेको देखिन्छ। तीन दिनसम्म बडो मनोरञ्जनात्मक तरिकाले विधिविधानका साथ मनाइने प्रस्तुत सोहराई चाड कार्तिक कृष्ण पक्षको दिनदेखि शुरू गरी कार्तिक कृष्ण पक्ष औंसीको दिनमा समापन गरिन्छ। यो चाड दशैंको ठीक १६ दिनपछि पर्ने हुनाले पनि यस चाडलाई सोहराई भनेको हो कि भन्ने शंका त्यहाँका थारूहरू गर्दछन्।

सोहराईको पहिलो दिनलाई पीठकुटी भनिन्छ। त्यस दिन प्रत्येक घरका महिलाहरूले चामल पिनेर पीठो ल्याई विभिन्न प्रकारका रोटीहरू तयार पार्ने हुनाले पनि त्यस दिनलाई पीठकुटी भनिएको हुन सक्छ। पहिला पहिला सो दिनमा चामल ढिकीमा नै कुट्नु पर्ने चलन रहेकोमा पछि विस्तारै विस्तारै मिलमा कुटेर ल्याई अलिकति ढिकीमा कुटेको चामलको पिठो मिसाई रोटी बनाउने चलन रहँदै आएको थियो। तर हाल आएर भने सबै चामल मिलबाट नै कुटेर ल्याई विभिन्न किसिमको रोटीहरू बनाउने चलन रहेको पाइन्छ। पिनेर ल्याएको पिठोबाट रोटी बनाउने क्रममा कसैले पहिले नै पिठो भुटेर रोटी बनाउँछन् भने

कसैले पिठो नभूटीकन नै उमालेको पानी हालेर बेस्मारी मुछेर एकछिन छाडिदिन्छन् र त्यस पछि आफूलाई कस्तो खालको रोटी बनाउन इच्छा छ सोही अनुरूप रोटी बनाउने गर्दछन् । यस्तो रोटी बनाउने काममा खासगरी पुरूष वर्गभन्दा महिला वर्ग नै बढी सक्रिय भएको देखिन्छ । स-साना बालकहरू पनि जानी नजानी रोटी बनाउन तम्सी आ-आफ्नो परिवारलाई सहयोग पुऱ्याइरहेका देखिन्छन् । रोटी बनाउन सर्वप्रथम आगोमाथि हाँडी (एक किसिमको भाँडो) राखी त्यस भित्र पानी हालिन्छ र सो हाडीमाथि पैनी राखिन्छ जसमा विभिन्न किसिमका रोटीहरू राखिएका हुन्छन् । तत्पश्चात भ्रोपता (विर्को) द्वारा ती रोटीहरू राखिएका पैनीलाई छोपी लगभग ३ घण्टा जति पकाइन्छ र पाकिसकेपछि नाङलोमा राखेर ती रोटीहरू एक अर्कामा नटाँसियोस् भनेर सेलाउनको लागि हम्किने गरिन्छ । यी रोटीहरू हेगां रोटी, नकगर रोटी, गैंडु रोटी, गोरू रोटी, ठेंगर रोटी, कापी रोटी, वखारी रोटी, डेगुवा रोटी, दुहुरी रोटी, काइँयो रोटी, दिवा रोटी, ठमेना रोटी, गाढा रोटी, माघल रोटी आदि विभिन्न नाममा नामकरण गरिएको पाइन्छ । ती रोटीहरू कुनै पूजा आजा नै नगरिकन पनि खान मिल्ने हुनाले पूजाको लागि मात्र रोटीहरू बनाइएका हुन् भन्न चाहिं अवश्य पनि मिल्दैन । अन्य हिन्दु समाजमा लक्ष्मी पूजा गर्दा चामलको रोटी चढाउनु पर्ने र चढाइसके पछि मात्र प्रसादको रूपमा ती सेलराटी खाने चलन छ तर उनीहरूमा भन्ने त्यस्तो कुनै चलन रहेको देखिंदैन । खाली पिठो र पानीको मिश्रणद्वारा मात्र तयार पारिएका ती रोटीहरूको स्वाद उनीहरूलाई निकै मिठो लाग्दछ ।

सोहराईको दोस्रो दिन दिउराई सबै गाउँलेहरूले माछा मारेर बडो हर्षोल्लासका साथ मनाउने गर्दछन् जसलाई मछवारी पनि भनिन्छ । तर हाल आएर यस्तो माछा मार्ने चलन भने दिनानुदिन घट्दै गइरहेको पाइन्छ । लक्ष्मीपूजाको दिन जसरी अन्य हिन्दु समाजमा आ-आफ्नो घरको सरसफाई तथा लिपपोत गर्दै घरलाई विभिन्न ध्वजा-पताकाले सिंगारछन् ठीक त्यसै गरी उनीहरूको घर घरमा पनि विशेष गरी बाल-बच्चाहरू आ-आफ्नो घर सिंगार्नमा व्यस्त देखिन्छन् । जब पहाड तथा अन्य क्षेत्रबाट विभिन्न जन जातिहरू बसाइँ सराईको क्रममा यस स्थानमा आएर बस्न थाले त्यसपछि मात्र थारू समुदायमा उनीहरूको देखासिकी गर्दै घर सिंगार्ने प्रवृत्तिको शुरूवात भएको कुरा स्थानीय व्यक्तिहरू बताउँदछन् । त्यसदिन बेलुका खासगरी आ-आफ्नो घरमा पालिएका पाल्तु जनावरहरू गाई, भैंसी, बाखा,आदिको सिंङमा तेल दली नाङ्लो वा थालमा नून, रोटी र बीचमा दियो राखेर पूजा गरिन्छ । यसरी पूजा गर्दा दियो बाल्नको लागि पहिला पहिला दियो रोटी नै बढी मात्रामा प्रयोग गरिन्थ्यो भने आज आएर दियो नै दियो रोटीको रूपमा प्रयोग हुन थालिसकेको पनि पाइन्छ । अझ पहिला पहिला त ती सबै पाल्तु जनावरलाई टन्न जीउभरि तेल दलेर राप्तीमा लगेर नुहाउने चलन पनि थियो भन्ने कुरा व्यक्त गरेको पाइन्छ । त्यसैदिन बेलुका घरमुलीबाट घरको आँगनमा पानी, रोटी, रक्सीद्वारा पूजा गरिन्छ । जुन विधिलाई दिउलीवाती लुटाउने भनिन्छ । सोही दिनको राति कुखुरा बासेपछि प्रत्येक घरबाट एक एक जना महिला उठी नुहाई चोखो भई एरिया (घाँस काट्ने करौती) र सुपा (नाङ्लो) हातमा लिई नाङ्लो ठटाउँदै भान्छाबाट निस्की गीत गाउँदै दोबाटोसम्म पुगेर ती एरिया तथा सुपा त्यहीं छोडी पछाडि नफर्किकन घर फर्केर आउने गर्दछन् । दोबाटोमा छाडिएका ती सामानहरू पछि घरकै अन्य महिला तथा बच्चाहरू गई लिएर आउँदछन् । ती महिलाहरूले भान्छाबाट निक्ली दोबाटोसम्म पुग्दा गाउने गीत यसप्रकार छ- "दाल दलिदर भागहरे अन्दर लक्ष्मी घुस्टहरे"। यस गीतको सम्बन्ध पितृऔंसी अर्थात् योमासासंग रहेको देखिन्छ । योमासाको अन्तिम रातमा गाउँका सबै महिला तथा पुरूष जम्मा भएर यमोसा खान जाने भन्दै प्रत्येक घरघरमा गई यमोसाको नाममा केही न केही अवश्य खाने गर्दछन् । यसरी गाउँभरि नै चाहरेर खाँदा पनि सजिलैसंग पचाउन सक्नुको मुख्य कारण पेटभित्र भूतप्रेतले बास गरेको हुनाले नै होला भन्ने विश्वासले गर्दा योमासाको दिनमा पेटभित्र पसेको भूतप्रेतलाई हटाई लक्ष्मीको आगमनको लागि स्वागत गर्दै यसरी गीत गाउने चलन रहेको बुझिन्छ ।

सोहराई चाडको तेस्रो दिन घरका महिलाहरू बिहानै उठी भान्छादेखि घरको बाहिरी ढोकासम्म गोबरले लिप्दै ल्याई पूजाको लागि तयारी गर्दछन् । त्यसै दिन बिहान चामल, बेसार तथा नून मिलाएर भात पकाइन्छ र यसरी पकाइएको भातलाई हातले डल्ला डल्ला बनाइएर गाई, गोरू, भैंसीलाई खान दिइन्छ जसलाई भातक ग्वाला भनिन्छ । चामलको पिठो, पिना, पानी आदि मिसाइ गाई, गोरूको टाउको तथा जीउमा छाप लगाई गाईगोरूको पूजा गरिन्छ । शुरूशुरूमा यसरी पूजा गर्दा गाई गोरूलाई लौका खुवाउने चलन थियो भने आजभोलि मेवा तथा कुभिण्डोको प्रयोग पनि बढ्दै गइरहेको पाइन्छ । सोही दिनमा नै काठको गैंडु बनाएर गाई वस्तुको सम्भारको लागि भनी गोठमा राखी घरमुलीले पूजाआजा गर्दछ । त्यसदिन उनीहरूको पनि चाड हो भन्ने मनसायले मिठो मिठो चामल वा भात मात्र खुवाइन्छ तर नसक्नेले पराल वा घाँस पनि खान दिने गरेको पाइन्छ । त्यसैदिन गाई वस्तुलाई पनि टन्न रक्सी खुवाइन्छ ।

थारूहरूले नून साटासाट गरी बडो रमाइलोसंग यो चाड मनाउने गरेको देखिन्छ । त्यसदिन बिहान प्रत्येक घरबाट गाउँभरि अर्थात् आफ्नो दाजुभाई खलकमा आ-आफ्नो क्षमता अनुसार जति सकिन्छ त्यति नून लगिदिने चलन रहेको छ । केही स्थानीय व्यक्तिहरूको भनाइमा पहिला पहिला थारूहरूको आर्थिक अवस्था राम्रो थिएन जसले गर्दा सो दिनमा गाईवस्तुलाई खुवाउने पिठोमा अनिवार्य रूपमा नून राख्नुपर्ने हुनाले उनीहरूसंग नून किन्न समेत पैसा हुँदैनथ्यो । त्यसैले उनीहरू अरूको घरबाट नून सापटी ल्याएर आफ्नो आवश्यकता पूरा गर्ने गर्दथे तर पछि नून अरूको खायो भने नरकमा बास पाइन्छ भन्ने विश्वासले गर्दा फेरि कुनै अन्य घरबाट नून सापटी ल्याई पहिलो नून सापटी लिएको घरलाई तिर्ने गर्न थाले । यस्तो क्रम निरन्तर रूपमा चलिरहँदा अन्त्यमा आएर यो चलन परम्परागत नियमको रूपमा नै स्थापित भयो । त्यसैले आजसम्म पनि थारूहरू सोहराईको पर्वको तेस्रो दिन नून बाँड्नु पर्छ भन्ने विचारले थुप्रै नूनहरू किनेर ल्याउने गर्दछन् तर आर्थिक अवस्था कमजोर हुनेले चाहिं एउटाको घरबाट ल्याएको नून अर्कोको घरमा र अर्कोको घरबाट ल्याएको नून फेरि अर्कोको घरमा लाने गर्दछन् । पहिला पहिला यो नून लैजाने काम गोठालोले मात्र गर्दथे भने हाल आएर स-साना बालकहरू पनि नून यताउता लैजाने काममा व्यस्त रहेका देखिन्छन् ।

सोही दिनमा नै कृषिसंग सम्बन्धित विभिन्न औजार तथा अन्य सामग्रीहरू जस्तै- हलो, कोदालो, जुवा, कुटो, करौंती, भकारी, जाँतो, ढिकी, बन्चरो, घन, रन्धा, खन्ती, खुर्पा आदि सबैलाई पानीले सफा गरी चोखो तुल्याई एकै ठाउँमा राखिन्छ । त्यसपछि आर्थिक अवस्था राम्रो हुने परिवारले त्यहाँ राखिएका सामग्री पिच्छे नै कुखुरा काट्ने गर्दछन् भने आर्थिक अवस्था कमजोर हुनेले एउटै मात्र कुखुरा भए पनि सबैको प्रतिनिधित्व हुने गरी काट्ने गर्दछन् । यस्तो काम भने घरको मुख्य घरमुलीले गर्ने चलन छ । तत्पश्चात ती सामग्रीहरू त्यस दिनभरि नचलाइकन राख्ने गरिन्छ जसलाई ती औजारहरूको पावनी गरेको भनिन्छ । वर्ष दिनसम्म यी औजारहरू प्रयोगमा ल्याइने हुनाले सोहराईको तेस्रो दिनलाई यिनीहरूको चाडको रूपमा मान्दै यिनीहरूलाई खुशी पार्न एकदिन भए पनि पूजाआजा गर्ने गरेको पाइन्छ ।

सोहराईको तेस्रो दिनमा गरिने अन्तिम विधिविधानले भने सोहराई चाडको महिमालाई प्रस्टाएको बुझिन्छ । त्यस दिन घरमा विधिपूर्वक पूजाआजा गर्नको निम्ति घरमूली अर्थात् आफ्नो दाजुभाइको खलकबाट एकजना त्यस्तो व्यक्तिलाई पहिले नै गुरूवाको प्रतिनिधिको रूपमा छानिसकेको हुन्छ जसले राँगाको मासु कहिले पनि खाँदैन । पहिला पहिला यस्तो कामको लागि गाउँ मध्येबाट नै एक गुरूवा छानिएको हुन्थ्यो तर गुरूवा ले गाउँभरिको प्रत्येक घरघरमा गई विधिपूर्वक पूजा गर्दा समय धेरै लाग्न गई समयमा नै भोजन गर्न नपाएको कारणले गर्दा यस्तो परिवर्तन आएको कुरा त्यहाँका स्थानीय व्यक्तिहरू बताउँदछन् । गुरूवा अर्थात् पूजा गर्न जाने व्यक्ति बिहान नुहाई धुवाई चोखो भई सबभन्दा पहिले आफ्नो घरमा पूजाआजा गर्दछ अनि मात्र अरूको घरमा पूजा गर्न जाने गर्दछ । पूजा गर्ने विधि विधान अनुरूप भान्छा कोठामा पूजा गर्नको लागि एउटा सानो ठाउँ

पोतेर चोखो पारी राखिएको हुन्छ जसमा चामलको पिठोले चारकुने आकारमा रेखी कोरी त्यसमाथि धान राखिन्छ। त्यसपछि विभिन्न किसिमका रोटीहरू धान माथि राखी पूजा गरिन्छ। तत्पश्चात फूल नपारेको पोथी कुखुराको बलि चढाई भकारी, हलो आदि भान्छाको वरिपरि रगत छर्किइन्छ र त्यसमाथि रक्सी खन्याइन्छ। अन्त्यमा पानी छर्केर भान्छा कोठाको पूजाको समापन गरिन्छ। यी थारूहरूको इष्ट देवता गन (महिला) र त्रिपुरा (पुरुष) हुन्। तसर्थ गन देवताको सम्भनामा भान्छा कोठामा पूजा गरिएको हुनाले पोथी कुखुरा नै चढाउनु पर्ने बाध्यता रहेको पाइन्छ।

भान्छा कोठा पछि घरभित्र पस्ने मूल दैलोको ठीक सामुन्ने आँगनमा चामलको पिठोद्वारा पहिलाकै विधि अनुसार रेखी कोरी गैंडुको पूजा गरिन्छ। यस पूजालाई घर गैंडु पूजा भनिन्छ। यसरी गैंडुको पूजा गर्दा सर्वप्रथम जोडी गैंडु रोटीहरू चढाइन्छ र त्यसपछि भालेलाई काटेर पूजा गरिएको ठाउँमा रगत छर्की अन्त्यमा त्यसमाथि पानी छर्केर घर गैंडु पूजाको समापन गरिन्छ। घरको संभार होस् भन्ने मनसायले यसरी घरको दैलो अगाडि घर गैंडुको पूजा गरिएको पाइन्छ।

घरको चौकोसभित्र पस्ने मुख्य ढोकाको ठीक सामुन्ने बाटोमा वनदेवीको नाममा घर गैंडु पूजाकै विधि अनुसार पूजा गरिन्छ तर वनदेवीलाई पूजा गर्दा धान भने चढाइँदैन्। जुन पूजालाई वन पसार पूजा वा वन गैंडु पूजा भनिन्छ। आफ्नो घरमा पालिएका गाई वस्तुलाई जंगलमा चराउन लैजाँदा कथंकदाचित जंगली जनावरहरूले आक्रमण गर्न आए भने पनि वनदेवीलाई खुशी पारिराखेको खण्डमा ती गाईवस्तुलाई जंगली जनावरको आक्रमणबाट वनदेवीले बचाउँछिन् भन्ने विश्वासले नै वर्षमा एकदिन यसरी वनदेवीलाई खुशी पार्न भाले काटी रक्सी चढाएर विधिपूर्वक पूजाआजा गरिएको हो। एकातर्फ वनदेवीलाई रक्सी चढाई पूजा गरिएको हुनाले वनदेवी मात्तिएर बसेकी हुन्छिन् भने अर्को तर्फ सोही दिन बिहान घरमुलीद्वारा गाईवस्तुको पूजा गरी गाईवस्तुलाई भातको ग्वाला खुवाउँदा टन्न रक्सी पनि खुवाएको हुनाले एक त वनदेवीले रेखदेख गर्न नसक्ने र अर्को स्वयं ती गाईवस्तुहरू आफै पनि मातिएर चर्न जान असमर्थ भएका हुनाले त्यसदिन तिनीहरूलाई चर्नको लागि भनेर वनमा पठाइँदैन तर खोलामा नुहाउनको लागि भने भैंसीलाई विना गोठालो नै पठाइन्छ। यदि त्यस दिन त्यसरी छोडिएका ती मातिएका भैंसीहरूले कसैको बाली तथा धनजनका नोक्सान गरिहाले भने ती भैंसीका मालिकले कुनै पनि क्षतिपूर्ति व्यहोर्न भने पर्दैन।

यसरी भान्छा, दैलो अगाडि आँगन तथा घरको चौकोसभित्र पस्ने बाटोमा पूजा गर्दा ती चढाइएका विभिन्न किसिमका रोटीहरू पूजा गर्ने व्यक्तिले पूजा सिध्याउन नपाउँदै घर तथा वरिपरिका बच्चाहरू तँछाड मछाड गर्दै दुई हातले सोर्न आउँछन् र जुन बच्चो रोटी पाउँदैन उ रून कराउन थाल्दछ। हुन त तीन दिनदेखि निरन्तर रूपमा यस्ता रोटीहरू खाँदै आएको भए पनि यसरी सोरेको रोटी खानमा मजा नै अर्कै हुन्छ भन्ने कुरा स्वयं स-साना बच्चाहरू बताउँछन्। यसरी चढाएको रोटी बच्चाहरूद्वारा सोरेर खाने प्रावधानले गर्दा पनि यस चाडलाई सोहराई भनेको पो हो कि भनेर शंका गरेको पनि नपाइने होइन।

वन पसार पश्चात अन्त्यमा गाढाको पूजा गरेपछि भने पूर्ण रूपमा पूजाको विसर्जन हुन्छ। गाढाको पूजा खास गरी वन्जराइन माईको नाममा गरिन्छ जसले यातायातका साधनहरूलाई कुनै पनि दुर्घटना हुनबाट बचाउँछिन् भन्ने विश्वास गरिन्छ। गाढाको पूजा गर्दा भालेको सट्टा एक जोडी परेवा काटिन्छ भने रक्सीको सट्टा दूध चढाइन्छ। बन्जराइन माईलाई भाले मन पर्दैन भन्ने विश्वासले गर्दा एक जोडी परेवा चढाइएको हो। बन्जरांइन माईलाई यदि रक्सी चढाएको खण्डमा रक्सीले गर्दा उनी मात्तिएर बस्ने हुनाले त्यस दिन यातायातको कुनै पनि साधनको दुर्घटना हुन सक्छ भन्ने विश्वासले गर्दा नै वन्जराइन माईलाई रक्सीको सट्टा दूध चढाउनु पर्दछ। साथै मुछेको चामलको पिठोमा सख्खर तथा सख्खर नपाए चिनी हालेर चामलको सिरनी बनाई गाढालाई चढाएर प्रसादको रूपमा सबैले खाने गर्दछन्।

यसरी पूजाआजा सबै सिद्धिसकेपछि आ-आफ्नो घरको चेलीबेटी तथा ज्वाईलाई भोज खुवाउने काम

गरिन्छ । त्यस दिन माछा, मासु, रक्सी, दाल, भात तरकारी आदि विभिन्न परिकारहरू पकाईन्छ । सोही दिन बेलुका फेरि गाउँभरिका मानिसहरू सबभन्दा पहिले गाउँको मुख्य तथा जेठोबाठोको घरमा जम्मा हुन्छन् त्यसपछि नाचगान गर्दै प्रत्येकको घर घरमा गई रोटी र रक्सी खाई रमाइलो गर्दछन् । यसरी घर-घरमा गई रक्सी र रोटी खाने चलनलाई सोहराई खाई भनिन्छ । तर आजभोलि यो सोहराई खाईको चलन पूर्ण रूपमा बन्द भइसकेको पाइन्छ । एक त आजभोलि त्यहाँका थारूहरू पर्यटन व्यवसायमा लागेर यति व्यस्त भैसकेका छन् कि उनीहरूलाई घर घरमा गएर रमाइलो गर्ने फुर्सद नै हुँदैन भने अर्कोतर्फ उनीहरू सोहराई पर्वमा गाउने गीत नै गाउन जान्दैनन् ।

पूजा गर्दा चढाएको धान भने पहिला पहिला जसले गाईवस्तु चराउन लैजान्थे तिनै हरूवा चरूवाले लाने गर्दथे तर आजकल प्रत्येक घरमा गाईवस्तु कम हुने हुनाले हरूवा चरूवा राख्ने चलन नै देखिंदैन । त्यसैले बेलुका हात खुट्टा धोएर चोखो भई घरकै व्यक्तिद्वारा धान उठाउने गरिन्छ तर धेरैजसोले चाहिं सो धान आफ्नो घरमा नभित्र्याई गरीब गुरूवालाई बाँड्ने पनि गर्दछन् । यसरी आफन्त तथा छोरी चेलीबेटीलाई बोलाएर बडो हर्षोल्लासका साथ परम्परागत रूपमा मनाइने महत्त्वपूर्ण चाड सोहराईमा आ-आफ्नो क्षमता अनुसार खर्च गरेको पाइन्छ । यस चाडको तयारीको लागि १, २ हप्ता अघिदेखि नै घरका पुरूष तथा महिलाहरू सामान जुटाउनमा व्यस्त रहेको देखिन्छन् । खासगरी यस चाडमा विशेष रूपमा जुटाउनु पर्ने एक जोडी परेवा (गाढा हुनेको लागि मात्र) रक्सी, भान्छा, घर गैंडु तथा वन पसारको पूजाको लागि पोथी तथा भाले परेवा गरी तीनवटा कुखुराहरू मुख्य रूपमा रहेका छन् । घरका पुरूष तथा महिला दुवै वर्गले समान रूपमा सहभागी भई प्रस्तुत चाड मनाउने गरेको पाइन्छ ।

घुमन्ते तथा शिकारी जीवन व्यतीत गर्दै अन्त्यमा कृषि पेशामा संलग्न भएका यी थारू समुदायले आफ्नो पहिलाको जीवनसंग सम्बन्धित सबै पक्षलाई सम्झेर पूजाआजा गर्ने हुनाले पनि अरू चाडको भन्दा यस चाडको विशेष महत्त्व रहेको देखिन्छ । साँच्चै नै यस पर्वमा कृषिसंग सम्बन्धित विभिन्न औजारहरू, घरको रक्षाको लागि घरगैंडु, गाईवस्तुको सम्भारको लागि वनदेवी, यातायातको साधनको रक्षाको लागि वन्जराइन माई लगायत आ-आफ्ना इष्ट देवताहरूलाई पनि सम्झेर पूजाआजा गरिनुका साथै तथा वरमथानमा पनि सामान्य पूजा गरिने हुनाले पनि होला चितवन जिल्लामा बसोबास गर्ने यी चितौनीया थारूहरूले अन्य चाडभन्दा भिन्दै किसिमले यो चाड मनाउने गरेको पाइन्छ ।

सन्दर्भ ग्रन्थ सूची

Mc Doughal, Charles, 1968, Village and Household Economy in Tharu Western Nepal, Kathmandu : Tribhuvan University .

Majumdar, D. N., 1944, Fortues of the Primitive Tribe, Lucknow: Universal Publishers.

Shrivastava, S. K, 1957, The Tharus : A study in culture Dynamics, Agra: Agra University.

Pyakuryal, Kailash, 1982, Ethnicity and Rural Development : a Socilolgical Study of four tharu villages in Chitwan Nepal, PhD Thesis, Michigan State University .

Muller-Boker, Ulrike, 1991 a, "Ethnobltanical Studies among the Chitwan Tharus," Journal of the Nepal Research Centre 9, PP. 17 -56 .

..........................., 1991b, " Wild animals and Poor People : conflicts between conservation and Human Needs in Chitwan (Nepal)" European Bulletin of Himalayan Reserach, 2, PP. 28 - 30 .

............................, 1991c, "Knowledge and Evaluation of the Environment in Traditional Societies of Nepal, "Mountain Research and Development. Vol. II, No. 2. PP. 101 - 114.

........................, 1993, Tharus and Pahariyas

in Chitwan: Some observations concerning and Queation of multi ethnicity in Nepal "in Grard Toffin (ed) Nepal part and present, New Delhi." Sterling Publishers, PP. 179 -194 .

Panjiyan, Tej, 1993, "Malaria As Tharus Protective Shield "Rising Nepal, July 16.

Kunwar, Ramesh Raj, 1997, "Study of Hori Festival of the Rana Tharus of Nepal," Voice of History, central Dept. of History, T. U., Kirtipur Campus, Vol XII, No. 1, July, PP. 94 - 105.

......................., 1998, " The Tharus and Their Seven Day Holiday ", Voice of History, Vol XIII, No.1, Kathmandu Kirtipur : Central Department of History, Kirtipur Campus, Tribhuvan University, PP. 43 - 56.

................., 1999, "An Anthropological Study of Tourism in Sauraha", Nepalese Tourism in the millennium : Challenges & opportunities, Nepal Association of Travel Agents, PP. 15 - 34.

Chaudhari, Nil Kumar, 1998 (B. S. 2055), "An introduction to Chitaune Tharu", Kathmandu : Help Nepal Association.

Guneratne, Upali Arjun, 1994, The Tharus of Chitwan : Ethincity, Class and the State in Nepal, Unpublished PhD Thesis, University of Chicago, Illinois.

...................., 1998, " Modernization, the State, and the Construction of a Tharu Identity in Nepal", The Journal of Asian Studies, 57 No. 3 PP. 749 - 773.

King Mahendra Trust for Nature Conservation, 1996, Royal Chitwan National Park After Twenty Years : An Assisment of Values, Threats and Opportunities, Chitwan : KMTNC.

Gurug Harka and Jan Salter, 1996, Thesis of Nepal, Kathmandu : Himal Publisher

प्रधानमन्त्री जंगबहादुर राणाको समयको नेपाल-भोट युद्धको ऐतिहासिक सामग्री

(गतांकको बाँकी)

राडर कर्णैल सनकसिं षत्री मसंगलामवाधी कुगा सम्म आइपुग्या आहा आइ
पुग्यापछि म संगरह्याका पल्टन मध्ये गोलंदाज सवेर श्री देवीदत गणसद
ल पल्टन मसंग राषी वाकी पल्टन र पल्टनका पिपाम्लासी स्मेत नीजक
र्णैलका साथलाई स्याफ्रु सम्म गैला मवांधी फेरि आहा आउं भनी स्याफ्रु
तरफ रवाना गरि पठाइदिन्छु औ चौरि घोडा गदाहा हरूलाइ रसद वोकउंना
लाइ वंदोवस्त गरुं भन्दा २ चौरिलाई रसद वोकायार चौरिलाई घास वोकाउ
नुपर्छ घास पाइंदो रहेनछ रुका चौरि घोडा गदाहा लाइ वोकाउंनालाई
र तमसुक भैसकियाको छैन तमसुक भैसकियापछि वोकाउन्या काम
गरूंला मुकाम कुगाकि ध्या शुभम्

जेष्ठ वदी २ रोज ५ मा

तसैबिचमा श्री प्राइम मिनिस्टर का हजुरमा श्री मिनिस्टर जनरल वाट लेषी
चह्राइ पठायाको वडा साहेवलाई दिन्या पल्टनका कागजमा सिक्ष्या आया
वमोजिम येसपटक जंगीकाम हुनाले साविक पल्टनका नाल पगरिला
जिमा भंदा येसपाल्या वढ्ता कोही पल्टनमा २५० कोही पल्टनमा २००
कोही पल्टनमा १५० सिपाही थपिदा वष्या कोहो भनी वडा साहेवलाइ
लेषी पठाउन्या काम गरूंला जंगीकाममा जान्या रसद रोकनु भन्या द
स्षत भयाको होइन वेपारी हरूलाई चावल नुन साट न हुंपैयालनु नष
रीद गर्न भंनि लेषी गयामा दस्षतको निहुं गरि जंगीकाममा डुनिया

ले·वोकिलै जान्या रसद वँद गर्न्या बावन पल्टेया जरिवानार फेरि येस्तो काम गरि
जंगीका ममा जान्या रसद अडकन गयो भन्या जंगीमा अडकने गयो भन्या जंगीऔ
नवमोजिम सजाये होला भंन्यार अघी लेखी गयावमोजिम दान भन्यारका आम
दानीले रसद खरीद गरि ज्मा गरि राषनु भंन्या डिठा श्रीलाल भट्टलाइ लेखी पठा
उन्या काम गर्‍यां मोरुंगीरा जार घोर्जे थोपक्याल विष्टलाई निमीहरूले
कबुल गर्न्यावमोजिम कामानिस कपतान अंम्वरसिं कुवर राणाजी र
श्री वरखपल्टनका संगमा पठायनौ भन्या जंगीऔ नवमोजिम सजाये
भै जगादेखी वर्षा सिद्धन्या छै निमीहरूले कबुल गर्न्याका मानिस नीजक
पतानर श्रीवरखपल्टनका संगमा पठाउनु भंन्या वेहोरा लेखी पठाउन्या
काम गर्‍यां कपतान अम्वरसिं कुवरलाइ पनी हजुरको सवारी भयाको
र रुगा फत्य भयाको खवर माहिन अवही उद्घ्याहा योचिठी पुगनी विति
के मोरुंगीराले घोर्जे थोपक्याल विष्टले कबुल गर्न्यावमोजिम कामानि
सस्मेत श्रीवरखपल्टनले रुगा जान्या काम गर भनी लेखी पठाउन्याका
म गर्न्या पाल्पा श्री भाइ वडा नरसिंह कुवर राणाजी श्री जनरल भाइ धी
रसमसेर जङ्ग कुवर राणाजी लाइ पनी सिक्षा आयावमोजिम लेखी
पठाउन्या काम गर्‍यां नुवाकोट मा पुगनु भै एँचवँली चठाउन्या काम
वडन वठीया भयेछ पालका कुरालाइ १६ पाल चढाइ पठायाको हो
त्यो पाल वोकील्याउनु भनी हजुरवाट पठायाका पिपाले थापाथली वाट
गयाको कलात भान्साको पाल वोकीलै गया छन तिहि पाल नआपिया
लाई वोकाइ हजुर राजगर्नु भयाको ठाउमा पुर्‍याउन्या काम गर्‍हला शुभम

ज्येष्ठवदी २ रोज ५ मा

नसैबसन्मा श्री प्राइम मिनिष्टरबाट श्री मिनिष्टर जनरल साईलेषी आया
के काहिला ठहीला भाइबाट षजानाबाकन्या पियार सिपाही दिछ २५०:
कार्तोस का दरले षजानाको जाकिनालाइ दिया बनाउनु पऱ्यो बनिस्:
पनी भर्नागर्नु पऱ्यो जो मर्जि भन्या लेषी पठायाछन पीपा षजाना मानिस चा
हिन्यैछन बनाउन लाउन्या कामगार धर्मनारान् माडूका ७ से साल माडूला
की राष्याका छन डूलाकी फौजी गोजि नावो केछन रसदको चावल फौजी वोका
याका छन १ सयेपिपा राषी मधेसबाट जेगी असबाप पनी वोकाउदैछु फलांयेसी
१०हजार जस्ता २२हजार सिसा ८ सये मेडी २० हजार थानि फलाम जगाजगा
मा बाकी छ अरु फर मायेसी भयाको हजुरमा जाहेर छ कमलापाहले काठमा
डौ पुऱ्याउ भन्या बिन्ति गरि पठायाछौ षजानाको पाल आफुलाइ चाहीन्या छ बे
समा जिमिले मद्दत गरि न्यो असबाप रु काई जेगी षजाना बनाउन्या कामगऱ्याव
ठी याहोला ७ सये साल्मी लाइ धर्मनारान्का सध्वाह संग काम लाउनु अरु ठे
टा लाग्दैन भन्या मैले पनी उसलाई लेषी पठायाको छ जिमीले पनी मोवसाजि
म नेम लाइ डाकी काम लाउनु नुवाकोट कियानी थानी मा मेजर कपतान श्री
भक्त षडका लेषन्याको नावोमानी २२ सये थानि छ हामीले कपतान मार्फत
पोर काम गऱ्या थ्यौं येसपाला बीद छ श्री ५ सर्कारको येग साही उसै षरापछन
लागेको की कारिन्दा राषी काम चलाइ बक्स्या षेर साही हुन्येछ षर्च लगाउ
नु मंजुर पर्दैन भन्या अधी यामा वन्दोबस्त भयापनि जो आउला षेरषा

पुरातत्व विभागको गतिविधि (आ. व. ०५५/५६)

–शोभा श्रेष्ठ

नेपाल अधिराज्यभरि छरिएर रहेका सांस्कृतिक सम्पदाहरूको अन्वेषण, उत्खनन्, विश्लेषण, सर्भेक्षण, संरक्षण तथा प्रदर्शन गर्नु पुरातत्त्व विभागको मुख्य उद्देश्य हो। यस्ता कार्यहरू गर्ने विभिन्न निकायहरू, खास गरी गुठी संस्थानको दायित्व भए तापनि गुठीहरू निष्क्रिय र उदासीन रहन थालेकोले अधिराज्यको पचहत्तरै जिल्लामा रहेका स्मारकहरूको संरक्षण सम्वर्द्धन, उत्खनन्, अन्वेषण गर्ने सम्पूर्ण दायित्व पुरातत्त्व विभागमा केन्द्रित हुन थालेको छ। यो क्षेत्र श्री ५ को सरकारको विकास योजनाको प्राथमिकता प्राप्त क्षेत्रमा नपर्ने हुनाले ज्यादै सीमित मात्रामा बजेट विनियोजित हुने हुँदा कार्यक्षेत्रको तुलनामा लगानी रकम कम भएकोले गर्नु पर्ने काम गर्न सकिएको छैन ।

तर पनि तुलनात्मक दृष्टिले सांस्कृतिक सम्पदा संरक्षणमा लगानी रकमको अनुपातमा बृद्धि हुँदै गरेको छ । तर पनि विगत चार वर्षको विकास तर्फको राष्ट्रिय वार्षिक बजेट र त्यसमध्ये यस विभाग अन्तर्गत संचालित विकास कार्यक्रमहरूको विनियोजित रकमलाई तुलनात्मक अध्ययन गर्दा निम्न तालिकाबाट राष्ट्रको वार्षिक विकास बजेटको के कति प्रतिशत रकम यस क्षेत्रमा लगानी भएको छ भन्ने प्रष्ट हुन्छ ।

आ. व.	विकास तर्फको राष्ट्रिय बजेट (रू. हजारमा)	यस विभागको विकास बजेट (रू. हजारमा)	राष्ट्रिय विकास बजेटको अनुपातमा विभागको विकास बजेटको प्रतिशत
२०५३/०५४	३,२५,००,७८३	१२,३७५	.०३७%
२०५४/०५५	३,४०,३८,८४८	१३,०००	.०३८%
२०५५/०५६	३,७७,४१,१५३	१२,५००	.०३३%
२०५६/०५७	४,१८,५१,८९४	१७,७८१	.०४२%

यस विभागबाट प्रत्येक वर्ष राष्ट्रले गरेको लगानी रकमबाट गरिएका कामहरू बारेमा सर्वसाधारण सबैमा जानकारी होस् भन्ने उद्देश्यले यस विभागले आफ्नो मुखपत्र प्राचीन नेपालमा प्रकाशन गर्दै लैजाने नीति लिएको र यस अंकमा गत आर्थिक वर्षको (२०५५/०५६) विकास कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। यस विभाग अन्तर्गत निम्न ६ वटा आयोजनाहरू संचालन छन्।

१. पुरातात्त्विक स्थल संरक्षण तथा सुधार आयोजनाः यस आयोजना अन्तर्गत पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका स्मारकहरूको संरक्षण, यस विभाग अन्तर्गत रहेका विभिन्न संग्रहालयहरू, अभिलेखालय, केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशालाको विकासकार्य तथा जनसहभागितामा संचालित कार्यहरू पर्दछन्। साथै नेपाल बाहिर बनारसमा रहेको नेपाली मन्दिर तथा धर्मशालाको पनि संरक्षण गर्ने गरेको छ। यस आयोजना अन्तर्गत भएका कामहरू निम्न अनुसार छन्।

(क) पूर्वाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. धनकुटास्थित क्षेत्रीय संग्रहालय भवनको पेटी ड्रेनेज तथा भूईंहरूको मर्मत	२२५	१००%	१००%	
२. संग्रहालयको लागि सामग्री संकलन	५०	१००%	१००%	
३. वराहक्षेत्रको मठ मन्दिरहरूको जीर्णोद्धार	२००	१००%	१००%	

(ख) मध्यमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. रामेछापस्थित भीमसेन अस्त्रको संरक्षण	४०	१००%	१००%	
२. विश्वसम्पदा क्षेत्र हनुमान् ढोका र स्वयम्भूमा विश्वसम्पदा अङ्कित सिमाना राख्ने	४००	१००%	१००%	
३. विश्वसम्पदा क्षेत्रको महत्त्व र संरक्षणबारे जनचेतना जगाउनका लागि नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्रबाट प्रचार प्रसार गरिएको	१००	१००%	१००%	
४. नुवाकोटस्थित तलेजु मन्दिरको मर्मत गर्ने	१,५००	१००%	१००%	
५. नुवाकोटस्थित सात तले दरवार पछाडिको पर्खाल मर्मत	२५	१००%	१००%	

६. राष्ट्रिय संग्रहालय छाउनी				
(क) प्रतिमूर्ति निर्माण तथा पोष्टकार्ड तयार गर्न	१००	१००%	१००%	
७. फोटो डकुमेन्टेसन				
(क) सांस्कृतिक सम्पदा संरक्षण गर्ने खालका क्यालेण्डर उत्पादन गर्ने	१००	१००%	१००%	
(ख) साधारण तथा आकस्मिक कार्यक्रम तर्फ जीर्णोद्धार कार्यको लगत राख्ने	२००	१००%	१००%	
८. आपतकालीन संरक्षण	१,५५०	१००%	१००%	
(क) बलम्बुस्थित फत्तेश्वर महादेव मन्दिर जीर्णोद्धार				स्थानीय जनसहभगिता समेत रहेको
(ख) कीर्तिपुरस्थित नारायण मन्दिर जीर्णोद्धार				स्थानीय जनता सहभागी समेत रहेको
(ग) कीर्तिपुरस्थित बाघ भैरव मन्दिरको छाना मर्मत				
(घ) बडा दशैंको अवसरमा पचली भैरवको खड्ग सिद्धिको लागि काष्ठमण्डप अगाडिको भूतेश्वरको संरक्षण				
(ङ) बागदरवारस्थित भक्तेश्वर मन्दिरको जीर्णोद्धार कार्य शुरू				भीमसेन स्मृति प्रतिष्ठानको समेत सहयोग रहेको
(च) विश्व बौद्ध सम्मेलनको अवसरमा कपिलवस्तु संग्रहालयमा द्वार निर्माण तथा रंगरोगन				
(छ) ललितपुर न. पा. वडा नं. क स्थित चिकंवहिल संरक्षणको लागि सहयोग				स्थानीय जन-सहभागिता समेत रहेको
(ज) भक्तपुर पचपन्न झ्याल दरबारमा रहेको भित्ते चित्र संरक्षणको लागि प्राविधिक सहयोग				
९. केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला				
(क) गोरखा तथा नुवाकोट दरबारमा नियमित जीर्णोद्धार कार्यमा रसायन संरक्षण कार्य	१००	१००%	१००%	
(ख) प्रयोगशाला विकासको लागि आवश्यक सामान खरिद	२००	१००%	१००%	

(ग) काठमाडौं, ललितपुर तथा भक्तपुरको विभिन्न स्मारकहरूमा पिपलबोट, भीमसेनपाटी एवं अन्य झारपात रसायन प्रविधिद्वारा उन्मूलन गर्ने	२००	१००%	१००%	
(घ) प्रयोगशाला भवनमा पानी चुहिएकोले छाना मर्मत गर्ने	५००	१००%	१००%	
(ङ) फलामको स्थायी खट खरिद गर्ने	३००	१००%	१००%	
(च) नेपालको विभिन्न संग्रहालयमा रहेका सामाग्रीहरूको आपत्कालीन संरक्षण	१००	१००%	१००%	
१०. दोलखास्थित भीमसेन मन्दिरको छाना छाउने कार्य पूरा गर्ने	७००	१००%	१००%	स्थानीय जनसहभागिता समेत रहेको
११. राष्ट्रिय अभिलेखालय				
(क) संकलित हस्तलिखित ग्रन्थहरूमध्ये देवनागरी लिपिमा लेखिएका ग्रन्थहरूको सूची तयार गर्ने	१००	१००%	१००%	
(ख) हस्तलिखित ग्रन्थ संरक्षणको लागि चाहिने रसायन र औजार खरिद गर्ने	१००	१००%	१००%	
१२. रसुवा गढीको नक्सा सहित विस्तृत सर्भेक्षण गर्ने	५०	१००%	१००%	
१३, चांगुनारायण क्षेत्र संरक्षण				
(क) चांगुनारायण सत्तल वरपर गाऱ्हो तथा पेटी जीर्णोद्धार पूरा गर्ने	१००	१००%	१०%	
(ख) चांगुनारायण प्राङ्गणमा रहेको लक्ष्मी नारायण मन्दिर जीर्णोद्धार	३००	१००%	१००%	
(ग) ढोकाटोल तर्फ जाने मूल सिंढी मर्मत	५०	१००%	१००%	
१४. क्यूरियो जाँचपास शाखाको लागि मेजरिङ टेबुल खरिद गर्ने	३०	१००%	१००%	

(ग) पश्चिमाञ्चल

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
१. रामग्रामको Arch. Geo. Physical Survey बाट निस्केको परिणामको उत्खनन्‌बाट चेक गर्ने	२००	१००%	१००%	
२. क्षेत्रीय संग्रहालय पोखरा				
(क) नवनिर्मित भवनमा प्रदर्शनको लागि शोकेस निमार्ण गर्ने	४००	१००%	१००%	
(ख) हाता पर्खाल थप तथा पुनर्निर्माण ५० प्रतिशत गर्ने	७००	१००%	१००%	
(ग) सामाग्री संकलन	१००	१००%	१००%	
३. स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय लमजुङ्ग				
(क) खानेपानीको व्यवस्था गर्ने	४०	१००%	१५%	प्राविधिक कठिनाईले काम कार्य लक्ष्य नभएको
(ख) शौचालयको व्यवस्था गर्ने	४०	१००%	२५%	प्राविधिक कठिनाईले काम कार्य लक्ष्य नभएको
४. कपिलवस्तु संग्रहालय				
(क) खानेपानीको लागि ह्याण्डपाइप लगाउने	१५	१००%	१००%	
(ख) संग्रहालयको मूलढोका बनाउने	३५	१००%	१००%	

(घ) मध्यपश्चिमाञ्चल

१. क्षेत्रीय संग्रहालय सुर्खेतको लागि सामग्री संकलन	१००	१००%	१००%	

कामको विवरण	वार्षिक बजेट रू. हजारमा	लक्ष्य परिमाण	प्रगति परिमाण	कैफियत
(ङ) **बनारसस्थित साम्रजेश्वर महादेव मन्दिर** धर्मशालाको पूर्वलङ्ग, दक्षिणलङ्गको जीर्णोद्धार कार्य गर्ने, चोक, गेट मर्मत गरी सम्पूर्ण कार्य पूरा गर्ने	१,८००	१०० %	१०० %	
२. गोरखा दरबार क्षेत्र संरक्षण परियोजना				
१. पृथ्वीपार्कमा पर्यटन पूवार्धार विकास कार्यक्रम अन्तर्गत अधुरो कार्य पूरा गर्ने				
(क) गार्डघर निमार्ण गर्ने	६००	१०० %	१०० %	
(ख) तल्लोदरबार वरपर कम्पाउण्डवाल र बाटो निमार्ण गर्ने	४००	१०० %	१०० %	
(ग) भ्यूपाटी पूरा गर्ने	९००	१०० %	१०० %	
(घ) सूचना केन्द्र भवनमा विद्युतीकरण कार्य गर्ने	७५	१०० %	१०० %	
(ङ) सिंढी मर्मत	६००	१०० %	१०० %	
(च) ल्याण्ड स्केपिंङको लागि गरा सुधार	५५०	१०० %	२५ %	कन्सलटचान्टबाट गर्नुपर्ने भएकोले ढिला भएको
२. **श्री ५ महाराजाधिराजको** तल्लो दरबारमा संग्रहालयको लागि आवश्यक व्यवस्था गर्ने	६६०	१०० %	१०० %	
३. गोरखा दरबार क्षेत्र संरक्षण परियोजना मूल्यांकन एवं कार्य निर्धारण समितिले दिएको सुझावहरू मध्ये				
(क) दरबार हेरचाह कार्यालयको चोक पर्खाल सेतोघर जाने बाटोमा ढुंगा छाप्ने हाता पर्खालमाथि छपनी राख्ने	२००	१०० %	१०० %	
(ख) शीतलपाटी मुनि ढोका राख्ने चौघेराको लागि भ्याकुम क्लिनर किन्ने	२५	१०० %	१०० %	
(ग) सती पिपलदेखि उपल्लो कोटसम्मको सिंढीबाटो मर्मत, दरबारको बिजुली र फूलपाती चौतारा मर्मत	७५	१०० %	१०० %	
(घ) पानीको व्यवस्था गर्न पम्प खरिद	२५	१०० %	१०० %	

३. स्वयम्भू क्षेत्र संरक्षण योजना			
१. किमडोलदेखि मोटरपार्कसम्म जाने सिंढीको मर्मत गर्ने	८५०	१०० %	१०० %
२. स्वयम्भूको एउटा घरको मोहडा सुधार गर्ने	३००	१०० %	१०० % महासमितिको पनि सहभागिता रहेको
३. आपतकालीन संरक्षण अन्तर्गत पुरानो स्वयम्भूमा भूक्षय रोकथाम	१४६	१०० %	१०० %
४. स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुर			
(क) भण्डार पोखरीको जीर्णोद्धार	१५००	१०० %	१०० %
(ख) अनुशरण कार्यक्रम अन्तर्गत विभिन्न स्मारकहरूको मर्मत सुधार	३००	१०० %	१०० %
५. काठमाडौं उपत्यका सांस्कृतिक सम्पदा संरक्षण गुरुयोजना			
(क) पाटन दरबार क्षेत्रमा रहेको सोल्हखुट्टे पाटीको जीर्णोद्धार	५००	१०० %	१०० %
(ख) विभिन्न स्मारकहरू आपतकालीन संरक्षण कार्य	३००	१०० %	१०० %
६. काभ्रे एकीकृत आयोजना			
(क) कृषि क्षेत्रको कार्यक्रम कृषि कार्यक्रम वनेपा	१,६५,००	१०० %	२४.८५% समयमा विनियोजित रकम निकासा नभएकोले लक्ष्य अनुसारको कार्य प्रगति गर्न नसकेको
(ख) सामाजिक क्षेत्रको कार्यक्रम - नरसिंह मठ, पनौती (कार्य शुरू) - इन्द्रेश्वर प्राथमिक विद्यालय, पनौती (सम्पन्न) - लोकेश्वर मन्दिर, बनेपा (सम्पन्न) - चण्डेश्वरी सत्तल, बनेपा (सम्पन्न) - करूणामय मन्दिर, नाला (कार्य शुरू)	१,४१,६८	१०० %	१७.०२%

माथि उल्लेख गरिएका वार्षिक कार्यक्रमहरू बाहेक विभागका केही महत्त्वपूर्ण गतिविधिहरू निम्न अनुसार रहेका छन् ।

प्राचीनकालदेखि प्रचलनमा रहेका नृत्य तथा जात्राहरू निरन्तर रूपमा चलिरहोस् भन्ने उद्देश्यले पुरातत्त्व विभागले वार्षिक रूपमा आर्थिक अनुदान दिने गरेको छ । आ. व. ०५५/५६ मा निम्न नाच तथा जात्रा पर्वहरूलाई निम्न अनुसारको आर्थिक सहयोग उपलब्ध गराइयो ।

क) नाचहरू

१. भक्तपुरको महाकाली नाचहरू

- क) लोहला समूहको लागि रू. ६,६०० ।-
- ख) फैजु समूहको लागि रू. ६,६०० ।-
- ग) मुस्याजु समूहका लागि रू. ६,६०० ।
- घ) खर्जुवा समूहको लागि रू. ६,६०० ।-
- ङ) डाडेख्या समूहको लागि रू. ६,६०० ।-
- च) दैवज्ञ समूहको लागि रू. ८,८०० ।-

२. भक्तपुरको रामचन्द्र नाचको लागि रू. ६,६०० ।-

३. लाखेनाच, मजिपाट रू. ५,५०० ।-

४. सवाभक्कु नाच, हल्चोक रू. ५,५०० ।-

५. गाउने ठाडी नाच, यटखा रू. १,६०० ।-

६. दैत्यनाच, जोरगणेश रू. ६,००० ।-

७. हात्तीनाच, किलागल रू. २,७५० ।-

८. अष्टमातृका नाच, ललितपुर रू. २५,००० ।-

९. कात्तिकनाच, ललितपुर रू. ३४,१०० ।-

१०. कार्तिकनाच, फर्पिङ रू.१०,५००।-मन्त्रालयको निर्णयबाट दिइने पटके अनुदान

११. दश अवतार नाच, त्रिपुरेश्वर रू.९,९०० ।-

१२. दश अवतार नाच, त्रिपुरेश्वर रू.११,००० ।- मन्त्रालयको निर्णयबाट दिइने पटके अनुदान

ख) जात्राहरू

१. सिंजात्रा मतया, ललितपुर रू.१५,००० ।-

२. माघजात्रा, वटुटोल रू. ४,४०० ।-

३. भीमसेनजात्रा, ललितपुर रू. ३,००० ।-

४. श्री कृष्णपूजा, ललितपुर रू. ३,००० ।-

५. निरञ्जना भगवती जात्रा, नुवाकोट रू. ६,००० ।- मन्त्रालयको निर्णयबाट दिइने पटके अनुदान

यस विभागले आर्थिक वर्ष २०५५।५६ मा विभिन्न किसिमका ६,१६,४५९ थान क्यूरियो हस्तकलाका सामानहरू जाँच गरी जाँचपास प्रमाण-पत्र वितरण गरिएको थियो ।

प्राविधिक सहयोग

पुरातत्त्व विभागले नगरपालिकाहरू, वडा कार्यालयहरू, संघ संस्था, स्थानीय निकाय तथा व्यक्तिहरूबाट गरिने स्मारकहरूको काममा आर्थिक अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउने गरेको छ । आ. व. २०५५/०५६ मा निम्न कार्यहरूको प्राविधिक प्रतिवेदनहरू तयार गरी सहयोग गरेको थियो ।

१. पशुपति क्षेत्र विकास कोषको अनुरोधमा पशुपतिस्थित सदावर्त सत्तलको (महास्नान घर) जीर्णोद्धारको लागि प्रतिवेदन तयार गरी उपलब्ध गराइएको ।

२. अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण तथा सुधार आयोजना कार्यान्वयन तथा अनुगमन

समितिको अनुरोधमा विश्वरूप मन्दिरमा निर्माण गर्ने पानी संकलन केन्द्रको लागि सुझाव दिएको ।

३. मध्यपुर नगरपालिकाको अनुरोधमा त्यस न.पा.को वडा नं ७ वाहाखा बजारको ऐतिहासिक पाटीको वडा नं १२ मा रहेको लायकु दरबार भित्रको तलेजू मन्दिरको जीर्णोद्धारको लागि स्थलगत निरीक्षण गरी प्रतिवेदन उपलब्ध गराइएको छ ।

४. महादेव स्थान इटाखेल गा. वि. स. को अनुरोधमा किसीपीडी स्थित कालिका मन्दिरको प्रतिवेदन तयार गरिदिएको ।

५. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अनुरोधमा उक्त कोष मार्फत जीर्णोद्धार गरिएको मुस्तांङ स्थित थुप्चेन गुम्बाको प्राविधिक रेखदेख गर्न प्राविधिक खटाइएको ।

६. युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको निर्देशनमा मातातीर्थ, पलाञ्चोक भगवती, ललितपुरस्थित यम्पी महाविहार तथा डडेंलढुरास्थित अमरगढीको ल.ई. प्रतिवेदन तयार गरी मन्त्रालयलाई उपलब्ध गराइएको ।

७. काठमाडौं महानगरपालिका थंहितिस्थित मैत्री परिवार क्लबको अनुरोधमा त्यहाँ रहेको शोभा भगवती मन्दिर जीर्णोद्धार गर्न आवश्यक प्राविधिक प्रतिवेदन तथा प्राविधिक सहयोग उपलब्ध गराइएको ।

८. नगदेश कला संस्कृति विकास समाजको अनुरोधमा नगदेश न्यागाचास्थित सिद्धिगणेश द्योछेंको प्रतिवेदन तयार गरी उपलब्ध गराइएको ।

९. गोरखा आँपपिपल गा.वि.स. स्थित जयन्तीदेवी मन्दिर, समी चौतारा, लिगलिग कोट तथा हर्मीकोटको पुरातात्त्विक प्रतिवेदन तयार गरिएको ।

१०. पुरूषोत्तम रञ्जितको निवेदनमा टेकु दोभानको रन्जितकार दीपको शिलालेख अनुवाद गरिदिएको ।

११. का.म.न.पा. ११ नं वडा कार्यालयको अनुरोधमा टेकु दोभानस्थित ब्रम्हनालको प्रतिवेदन तयार गरी उपलब्ध गरिदिएको ।

१२. युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको निर्देशनमा काभ्रेपलाञ्चोक थानपुर गा.वि.स. वडा नं ७ तिमालकोटमा रहेको रक्तकाली मन्दिरको प्रतिवेदन तयार गरी मन्त्रालयमा उपलब्ध गराइएको ।

१३. काठमाडौं उपत्यकामा रहेका सांस्कृतिक सम्पदाहरूको संरक्षणबारे श्री ५ को सरकार र युनेस्कोको संयुक्त सहभागितामा International safeguarding Campaingn for the cultural Heritage of Kathmandu Valley को Review committee को चौंथो कार्य समूह बैठकको ३ दिने छलफल कार्यक्रम गरिएको ।

१४. बौद्ध विकास समितिको अनुरोधमा स्मारक क्षेत्रको होल्लाखोला र फुलवारी बीचमा रहेको ऐतिहासिक ढुंगेधाराको संरक्षणको लागि आवश्यक प्रतिवेदन तयार गरी उपलब्ध गराइदिएको ।

१५. बुढानीलकण्ठ विष्णु गा.वि.स. को अनुरोधमा मन्दिर को पश्चिमतर्फ रहेको धर्मशाला जीर्णोद्धार गर्न र ल्हासा हाङमा देवीको अनुरोधमा त्यस ठाउँमा निर्माण गरिने मन्दिर आदिको नक्सा, डिजाइन तथा ल.ई. प्रतिवेदन तयार गरी उपलब्ध गराइदिएको ।

१६. विश्व सम्पदा सूचीमा समाविष्ट संरक्षित स्मारक क्षेत्रहरूमा लागू गरिएका मापदण्ड अनुकूल निजी घरहरू मर्मत, सुधार, नयाँ निर्माण आदि कार्यहरूको ती क्षेत्रहरूमा टेलिफिल्म, चलचित्र आदि छायांकन गर्न आवश्यक सहयोग दिने, कार्यहरू समेत भइरहेको ।

ABOUT THE AUTHORS

Mrs. Sarala Manandhar	– Chief Archaeological Officer Department of Archaeology, HMG/Nepal
Mr. Griha Man Singh	— Chemist, National Archives, HMG/Nepal
Mr. Om Prakash Yadav	— Chemist and Conservator, Department of Archaeology, Central Conservation for Cultural Heritage, HMG/Nepal
Mr. Tirtha Lal Nagha Bhani	— Research Scholar, Nepal
Mrs. Reeta Dhungel	— Gallery Incharge, Patan Museum
Mrs. Shobha Shrestha	— Chief Research Officer, Dept. of Archaeology, HMG/Nepal

का. मे. अ. द. नं. ८/६८,   हु. द. स. वा. अ. नं. २/०२३

"**प्राचीन नेपाल**" का निमित्त प्राग्-इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयको सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हुनेछ ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of art work are invited to **"Ancient Nepal".**

The contribution should be concise and well-documented and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the Editor or The Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal